## रिपोर्टिङ सुरक्षामा कसरी पहुँच गर्ने

**चरण १: सल्लाह लिनुहोस्**

1. तपाईंको कार्यस्थल शोषण मामिलामा मद्दतको लागि युनियन, सामुदायिक कानुनी केन्द्र, वा मान्यताप्राप्त तेस्रो पक्षलाई सम्पर्क गर्नुहोस् ।

**चरण २: प्रमाणित हुनुहोस्**

2. तपाईंको शोषणको विषय सहभागी सरकारी एजेन्सी वा मान्यताप्राप्त तेस्रो पक्षद्वारा प्रमाणित हुनुपर्छ ।

To find an accredited third party, go to: **migrantworkers.org.au/atp**

**चरण ३: गृह मामिलाहरूलाई सूचित गर्नुहोस्**

3. सुदृढीकरण रिपोर्टिङ संरक्षण अनुरोध प्रक्रिया फाराम भर्नुहोस् र आफ्नो प्रमाणीकरण संलग्न गर्नुहोस् ।

**चरण ४: सूचित रहनुहोस्**

4. यदि थप जानकारी आवश्यक परेमा गृह मामिलाले तपाईंलाई सम्पर्क गर्नेछ। यदि तपाईं मापदण्डहरू पूरा गर्नुहुन्छ भने, तपाईंको भिसा रद्द गरिने छैन ।

### महत्त्वपूर्ण

- तपाईंले भविष्यमा आफ्नो भिसा सर्तहरू पालना गर्न प्रतिबद्ध हुनुपर्छ ।
- प्रमाणीकरण तपाईं समस्या समाधान गर्दै हुनुहुन्छ भन्ने बलियो प्रमाण हो ।
- यदि तपाईंले मापदण्ड पूरा गर्नुभयो भने तपाईंको भिसा उल्लङ्घनले भविष्यको भिसा आवेदनहरूलाई असर गर्ने छैन ।

This material was developed with funding from the Australian Government.

MIGRANT WORKERS CENTRE



## कामममा शोषण भएको छ?

यदि तपाईंले यो रिपोर्ट गर्नुभयो भने तपाई भिसा रद्द हुनबाट बच्न सक्नुहुन्छ ।

# सुदृढीकरण रिपोर्टिङ सुरक्षा (SRP) को बारेमा सोध्नहोस्

MIGRANT WORKERS CENTRE



अष्ट्रेलिया सरकारले कार्यस्थल शोषणको अनुभव गरेका अस्थायी भिसाधारकहरूको लागि नयाँ सुरक्षाहरू ल्याएको छ । यी सुरक्षाहरू तपाईंलाई भिसा रद्द हुने डरबिना शोषण रिपोर्ट गर्न मद्दत गर्न डिजाइन गरिएको हो ।

## तपाईं निम्न अवस्थामा भिसा रद्दविरुद्धको ग्यारेन्टीको लागि योग्य हुन सक्नुहुन्छ:

- कामको अधिकारसहितको अस्थायी भिसा होल्ड गर्नुहुन्छ भने, जस्तै:
  - Student visa (subclass 500)
  - Working Holiday visa (subclass 417)
  - Work and Holiday visa (subclass 462)
  - Temporary Work (Skilled) visa (subclass 457)
  - Temporary Skill Shortage visa (subclass 482)
  - Skills in Demand visa (subclass 482)
  - Temporary Work (International Relations) visa (subclass 403)
- कार्यस्थल शोषणको कारण **कार्य-सम्बन्धित भिसा सर्त** उल्लङ्घन गरेको छ
- **पछिल्लो १२ महिना भित्र** शोषणको अनुभव गरेको छ
- **सहभागी सरकारी एजेन्सी वा मान्यताप्राप्त तेस्रो पक्षबाट** मद्दत मागेको छ
- भविष्यमा**तपाईंको भिसा सर्तहरू पालना** गर्न लिखित रूपमा सहमत हुनुहुन्छ

यी परिस्थितिहरूमा, तपाईं भिसा रद्दविरुद्धको ग्यारेन्टीको हकदार हुनुहुनेछ – जसको मतलब तपाईंले भिसा सर्तहरू उल्लङ्घन गरे पनि विभागले तपाईंको भिसा रद्द गर्नु हुँदैन । **!**

## तपाईं अझै पनि भिसा रद्दविरुद्ध सुरक्षाको हकदार हुन सक्नुहुन्छ यदि तपाईं:

- **कुनै पनि अस्थायी भिसा** धारण गर्नुहुन्छ (Bridging भिसासहित)
- कार्यस्थल शोषणको कारण भिसाको **कुनै पनि सर्त** उल्लङ्घन गर्नुभएको छ
- **सहभागी सरकारी एजेन्सी** वा **मान्यताप्राप्त तेस्रो पक्षबाट** मद्दत मागेको छ

## कार्यस्थल शोषणको रूपमा के गणना हुन्छ?

**तपाईंले शोषणको अनुभव गर्नुभएको हुन सक्छ यदि:**

- तपाईंलाई राम्ररी भुक्तानी गरिएको थिएन (वा बिल्कुलै)
- तपाईंलाई कामको लागि भुक्तानी गर्न दबाब दिइयो
- तपाईंले असुरक्षित अवस्थामा काम गर्नुभयो
- तपाईंलाई यौन उत्पीडन गरिएको थियो
- तपाईंको मालिकले तपाईंको भिसा रद्द गर्ने धम्की दिए
- तपाईंलाई अनुचित रूपमा बर्खास्त गरिएको थियो
- तपाईं कर्मचारी हुनुपर्नेमा तपाईंलाई ABN लिन बाध्य पारिएको थियो

**यी परिस्थितिहरूमा, विभागले तपाईंको भिसा रद्द गर्ने वा नगर्ने निर्णय गर्दा कार्यस्थल शोषणको प्रमाणलाई विचार गर्नुपर्छ । तपाईं अझै पनि रद्द हुनबाट जोगिन सक्नुहुन्छ – तर यो ग्यारेन्टी गरिने छैन ।** **!**


MIGRANT WORKERS CENTRE (03) 7009 6710 MIGRANTWORKERS.ORG.AU